## २०७४ सालको ऐन नं.०१

## मर्चवारी गाउँपालिकाको "आर्थिक ऐन, २०७५

**प्रस्तावनाः** **मर्चवारी** गाउँपालिकाको आर्थिक वर्ष 2074/075 को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (2) बमोजिम **मर्चवारी** सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (1) यस ऐनको नाम "आर्थिक ऐन, 2074" रहेको छ ।

(2) यो ऐन 2074 साल श्रावण 1 गतेदेखि **मर्चवारी** गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** **मर्चवारी** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (1) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा/ भूमि कर (मालपोत) कर लगाइने र असूल उपर गरिनेछ ।

३. **घर वहाल करः** **मर्चवारी** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (2) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

४. **व्यवसाय करः** **मर्चवारी** गाउँपालिका क्षेत्रभित्र उद्योग, व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (3) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

५. **सवारी साधन करः** **मर्चवारी** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (4) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

६. **बहाल बिटौरी शुल्कः** **मर्चवारी** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (5) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

७. **सडक मर्मत तथा प्रयार्वरण शुल्कः** **मर्चवारी** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र तोकिएका सडकहरुमा चल्ने सवारी साधनहरु बाट सडक मर्मत तथा प्रर्यावरण शुल्क लिन सक्नेछ ।सडक मर्मत तथा प्रयार्वरण शुल्क अनुसूची (6) मा उल्लेखित दरमा हुनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

केशव नन्द बनिया
गाउँपालिका अध्यक्ष

मर्चवारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रायपुर, रुपन्देही
५ नं. प्रदेश, नेपाल
२०७३

श्याम कृष्ण पौडेल
प्रमुख प्रशासकीय अधिकृत